## खाँडाचक्र नगरपालिकाको

# एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना** : नगरवासी जनताको सूचनाको हकलाई सुनिश्चित गर्दै सूचना प्रविधी सामाजिक चेतना र विकाशको मुल आधार भएकोले एफ.एम. रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कानुनी ब्यवस्था गर्न वाञ्छनीय भएकोले खाँडाचक्र नगरपालिकाको नगरसभाले नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या ३ ले प्रदान गरेको स्थानिय तहको अधिकारलाई नियमित ब्यवस्थित गर्न नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम यो ऐन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन) ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'प्रमुख' भन्नाले नगरपालिको प्रमुख सम्झनुपर्छ ।

(ख) 'उपप्रमुख' भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) 'कार्यपालिका' भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(ङ) 'नगरपालिका' भन्नाले खाँडाचक्र नगरपालिका सम्झनु पर्छ ।

(च) 'मन्त्रालय' भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) 'बिषयगत शाखा' भन्नाले नगरपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाई लाई सम्झनुपर्छ ।

(ज) 'वडा सचिव' भन्नाले नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनुपर्छ ।

(झ) 'वडा समिति' भन्नाले नगरपालिकाको वडा समिति सम्झनपर्छ।

(ञ) 'सदस्य' भन्नाले नगर कायपालिकाको सदस्य सम्झनु पर्छ। सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समतलाई जनाउनछ ।

(ट) 'स्याटेलाईट रिसिभिङ सिष्टम' भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरू वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनु पर्दछ ।

(ठ) 'रेडियो यन्त्र' भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्धारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायको यन्त्रहरू सम्झनुपर्छ–

(अ) डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिङ सिष्टमहरू,

(आ) रेडियो ट्रान्समिटर

**३. प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनः**

(१) नगरपालिकाभित्र १०० वाट सम्मको एफ.एम. रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका एफ.एम. रेडियोहरूको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत नगरपालिकाको हुनेछ ।

**४. इजाजतपत्र नलिई प्रसारण गर्न नहुनेः**

(१) कानुन बमोजिम इजाजतपत्र नलिई नगरपालिका क्षेत्रभित्र कसैले एफ.एम. सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा २१ बमोजिम जरीवाना गरिने छ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन

भैरहेका १०० वाट सम्म क्षमता भएका एफ.एम. रेडियोहरूको हकमा नयाँ इजाजतपत्र लिइरहनु पर्ने छैन ।

तर उपदफा (३) बमोजिम दर्ता भएका एफ.एम. हरूले आफ्नो नेपाल कानून वमोजिमको स्विकृतीको प्रमाणित नक्कल साथको निवेदन दिई नगरपालिको दर्ता प्रमाण पत्र लिनु पर्नेछ ।

५. **इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः**

(१) एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची–१ बमोजिमको ढाँचामा सम्वन्धित स्थानीय तहमा समक्ष निवेदन दिनुपर्नेछ,

(२) उपदफा (१) बमोजिम दिइने ईजाजतपत्र अनुसूची–२ को ढाँचामा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

६. **निवेदनसाथ संलग्न गर्नुपर्नेः** दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) तोकिए बमोजिमको निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको भौचर ।

(घ) एफ.एम. रेडियो दर्ताको लागि अनुसूची—१ बमोजिमका र नवीकरणको लागि अनुसूची–२ बमोजिम कागजातहरू अनिवार्य समाबेश गर्नुपर्ने छ ।

७. **इजाजतपत्र दिन सकिनेः**

(१) नगरपालिकाले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा

नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखिपठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखिपठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखि आएमा नगरपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिनुपूर्व नगरपालिकाले रेडियो उपकरणहरू (एफ. एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरू (एफ.एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची–५ र ६ बमोजिमका कागजातहरू समाबेश गरी दर्खास्त दिई अनुसूची– ७ र ८ बमोजिम इजाजत लिनुपर्ने छ ।

(५) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

८. **इजाजतपत्रको अवधि र नवीकरण दस्तुरः**

(१) एफ.एम. रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले उक्त आर्थीक बर्षको कर चुक्ता विवरण र नगरपालिकामा बुझाउनु पर्ने शुल्क बुझाएको प्रमाण समेत संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची–३ बमोजिमको ढाँचामा सूचना शाखामा निवेदन दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा नगरपालिकाले इजाजतपत्र दिंदा लाग्ने शुल्क लिई त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(४) दफा (२) बमोजिमको म्याद भुक्तान भएपछि १ वर्ष भित्रसम्म इजाजतपत्र नवीकरण गर्न आएमा जरिवाना र विलम्व दस्तुर समेत लिई इजाजत पत्र नवीकरण गरी अनुसूची ४ बमोजिम दिन सक्नेछ । म्याद भुक्तान भएको १ वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(५) एफ.एम. रेडियो दर्ता, नवीकरण शुल्क तथा जरिवाना तोकिए बमोजिम हुनेछ ।

**९. दस्तुर तिर्नु पर्ने :**

(१) एफ.एम. रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले लाग्ने शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा नगर कार्यपालिकाले देहाय बमोजिम गनसक्नेछ :–

(क) विज्ञापनमा रोक लगाउन,

ख) सञ्चार सामग्री एवम् सो सँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

**१०. प्रसारणमा रोक लगाउन सकिने:**

(१) नगरपालिकाले कुनै एफ.एम. रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफ.एम. रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबीन गर्दा देहाय बमोजिमको भएको पाइएमा बढीमा तीन महिनाको लागि त्यस्तो एफ.एम. रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछः

(क) समितिले निरक्षिण तथा छानवीन गर्दा दफा **१५** र दफा **१६** बमोजिमका शर्तको अधिनमा रही कार्यक्रम प्रसारण गरेको नपाईएमा त्यस्ता एफ.एम. रेडियोलाई स्पष्टिकरण सोधिनेछ । एफ.एम. रेडिोले पेशगरेका स्पष्टिकरण मनासिव देखिएमा एकपटकलाई ऐनको सर्त अनुरुप कार्यक्रम प्रसारण गर्न मौका दिइनेछ र त्यसरी मौका दिंदा

पनि सर्त बमोजिम प्रशारण नगरेको व्यहोरा पुनः गरिएको निरीक्षण तथा छानविनबाट देखिएमा त्यस्तो एफ.एम.लाई दफा २१ बमोजिम कारवाही गरी प्रशारणमा रोक लगाउन सकिनेछ ।

(ख) समितिले कसैले यस ऐनको दफा ४ बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियोको सामान जफत गरी दफा २१ बमोजिम कारवाही गरी प्रशारण बन्द गराउनु पर्नेछ, तर बन्द गराउनु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

११. **इजाजतपत्र रद्द गर्न सकिने**: इजाजत लिई तोकिएको शर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगरे प्रदान गरिएको इजाजत पत्र रद्द गर्न सकिनेछ ।

१२. **एफ.एम रेडियो समन्वय तथा अनुगमन समिति**:

(१) नगरपालीकामा एक एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति देहाय वमोजिम रहने छः

(क) नगरपालिकाको प्रमुख – संयोजक

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) कार्यपालिकाको सदस्यहरू मध्येवाट सम्वन्धित विषय वस्तुमा जानकार रहेका १ जना महिलासहित २ जना – सदस्य

(घ) सम्वन्धित विषयगत शाखाको शाखा प्रमूख – सदस्य सचिव

१३. एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) स्थानीय तहमा दर्ता हुन आएका १०० वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

(ख) स्थानीय तहमा सञ्चालित एफ.एम. रेडियोहरूले तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ग) स्थानीय तहमा एफ.एम. रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने ।
(घ) आवश्यक देखेको अन्य कार्यहरू गर्ने ।
(ङ) यस ऐनको कार्यन्वयन र अन्य प्रचलित कानुन बमोजिम आवाश्यक देखिएका अन्य कार्यहरू गर्ने ।

**१४. समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया:**
(१) एफ.एम. रेडीयो समन्वय तथा अनुगमन समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ ।
(२) समितिको बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

**१५. एफ.एम. रेडियोले पालना गनुपर्ने शर्तहरू:**
(१) यस कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका एफ.एम. रेडियोहरूले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरूको अधीनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछः
क) एफ.एम. रेडियोले प्रशारण गर्ने समाचार र समाचार संवन्धि कार्यक्रमहरू कुनै राजनीतिक पुर्वाग्रह नराखी स्वतन्त्र, तटस्थ भई प्रशारण गर्नुपर्नेछ ।
(ख) लोक कल्याणकारी समाचारहरूको प्रशारणमा ध्यानदिनु पर्नेछ ।
(ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रशारण गर्नुपर्ने हुन्छ ।
(घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलब्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन ।
(ड) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।
(च) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनु पर्ने ।

(छ) विकाश निर्माण र सुशासनका कुरालाई सकारात्मक साहायता पुग्ने गरी समाचार प्रसारण गर्नु पर्नेछ । तर विकाश र सुशासनमा भएका गैर कानुनी कार्य, भ्रष्टाचार भएका उचित आधार भएमा, देखिएमा त्यस्ता समाचार प्रसारण गर्न रोक हुनेछैन ।

(ज) समाचार प्रकाशन, प्रसारण गरे वा नगरे वापत समाचार संग सरोकार रख्ने पक्षसँग रकम असुली गर्न हुनेछैन ।

(झ) यो ऐन लागू हुनु पर्वू सूचना तथा संचार मन्त्रालयबाट राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाट सम्मका एफ. एम. को ईजाजतपत्रहरू यसै ऐन बमोजिम जारी भएको मानिने छ ।

(ञ) आपत्कालीन वा विपदको समयमा नगर कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नु पर्ने ।

(ट) युद्ध वा संकटकालीन समय आई परेमा नगर कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्ने ।

(ठ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने ।

**१६.** प्रशारण गर्न नहुनेः एफ.एम. रेडियोहरूले देहाय बमोजिमको कुनकार्यक्रम प्रसारण गर्न पाउने छैनः

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्नजाने ।

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, लिङ्ग तथा विभिन्न सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने
(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू ।
(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।
(ज) संविधान तथा प्रचलित कानूनको सीमा भित्र रही नगर सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

**१७. कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्नेः**
(१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएका मितिले तीन महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।
(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै नगरपालीका समक्ष निवेदन दिनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा नगर कार्यपालीकाले तीन महिना सम्मको अवधि थप गर्न सक्नेछ ।
(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१८. विवरण संशोधन गर्न सक्नेः**
(१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा नगरसभाले तोके बमोजिम दस्तुर सहित अनुसूची–५ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**१९. इजाजतपत्रको प्रतिलिपिः**
(१) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा

कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सोको प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपी माग गरेमा नगरपालिकाले तोकिए बमोजिमको दस्तुर लिई नक्कल दिनुपर्नेछ ।

**२०. विवरण वदल्न सक्ने:**

(१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा नगरसभाले लाग्ने दस्तुर तिरेको भौचर साथ नगर कार्यपालिका समक्ष हाल भएको विवरण र वदल्न पर्ने विवरण स्पस्ट खुलाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदन उपर मुनासिब देखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न पाउने गरि निर्णय गर्न सक्नेछ ।

**२१. नियमन गर्न सक्ने:**

(१) इजाजतपत्र उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ । साथै निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजतपत्र उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुन : गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा वा समितिले कसैले ऐन बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

२२. **दण्ड जरिवानाः**

(१) यस कानून विपरित गर्नेलाई कार्यपालिकाले एफ एम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा तोकिए बमोजिम जरीवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरीवाना गर्नु पूर्व त्यस्तो एफ.एम.रेडियो सञ्चालकलाई लिखित सुनुवाईको मौका दिनुपर्नेछ ।

२३. **पुनरावेदन** : कार्यपालिकाले दफा **२१** बमोजिम गरेको जरीवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको **३५** दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२४. **नियम बनाउन सक्नेः** यस ऐनको अधिनमा रही नगरकार्यपालिकाले आवाश्यक नियमावली, कार्यविधी वनाउन सक्नेछ ।

२५. **ऐनको व्याख्या तथा संशोधनः** यस ऐनको संशोधन गर्नुपर्ने भएमा स्थानीय तह एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले नगरसभामा पेश गरी संशोधन गर्नुपर्ने छ ।

## अनुसूची–१
## दफा ५(१) सँग सम्वन्धित
## स्थानीय तहमा एफ. एम. रेडियो इजाजतपत्र स्वीकृतका लागि दिइने निवेदन

श्री................

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, ऐन २०७४ को दफा ३ (५) बमोजिम एफ.एम रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु ।

१. **निवेदकको**
   (क) स्थायी ठेगानाः कालिकोट जिल्ला, खाँडाचक्र नगरपालिका वडा नं. ........, टोल ..........................................................
   (ख) फोन नं. :
   (ग) घर नं. :

२. **संस्था वा व्यक्तिको**
   (क) नाम (ब्याक्ति, संस्था, कम्पनी):
   (ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)

३. प्रसारण गरिने स्थान :
४. प्रसारण हुने क्षेत्रः
५. प्रसारण शुरु हुने मिति :
६. प्रसारणको माध्यम :
७. प्रसारणको क्षमता :
८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानलः
९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :
१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः
११. प्रसारणमा प्रयोग हुने भाषा :

निवेदकको सहीः
नाम :
मितिः

## अनुसूची – २

## एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७८ को दफा ५(२) सँग सम्वन्धित स्थानीय तहमा एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र

इजाजतपत्र नं. :

तपाई . . . . . . . . जिल्ला . . .. . . . . . . नगरपालिका वडा नं. . . बस्ने . . . . . . . . . . . . . . . . . . . . . . . .ले मिति . . . . . . . . . . मा एफ.एम. रेडियो सञ्चालन गर्न अनुमति पाउँ भनि दिएको निवेदन उपर निर्णय भई निम्न बमोजिमको प्राविधिक सर्तमा रहि सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

१. प्रसारणको माध्यम :–

२. प्रसारणको क्षमता

३. प्रसारण गर्दा प्रयोग गरिने

    (क) फ्रिक्वेन्सी : (ख) बैण्ड :

    (ग) च्यानेल : (घ) ट्रान्समिटर :

    (ङ) एण्टेना :

४. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :

५. प्रसारण शुरु हुने मिति :

६. प्रसारणमा प्रयोग हुने भाषा :

७. प्रसारणको समय र समयावधि :

८. इजाजतपत्र बहाल रहने मिति :

कार्यालयको छाप

मिति :

इजाजतपत्र दिने अधिकारीको :

सही :

नाम :

दर्जा :

कार्यालय :

**अनुसुचि – ३**
**दफा ८ (२) सँग सम्वन्धित**
**एफ.एम. रेडियो इजाजतपत्रको नविकरणको लागि दिइने**
**निवेदन ढाँचा**

श्री ..............................................

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व..........................को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.....) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौ ।

संलग्न कागजातः
(१) निवेदन
(२) सक्कल ईजाजतपत्र
(३) भौचर/रसिद

निवेदक
........................

## अनुसूची – ४
## दफा ८(४) सँग सम्वन्धित एफ. एम. रेडियो
## इजाजतपत्रको नवीकरण

इजाजतपत्र नं.:

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगानाः

३. प्रसारण संस्था वा व्यक्तिको नामः

४. प्रसारणको माध्यमः

५. प्रसारणको क्षमताः

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी : (ख) बैण्ड :

(ग) च्यानेल : (घ) ट्रान्समिटर :

(ङ) एण्टेना :

७. **अन्य शर्तहरू** :

(क) प्रतिलिपि अधिकार ऐन, **२०५९** को दफा **३९** बमोजिम गठित रोयल्टी सम्बन्धी संस्थाहरूले तोकेको मापदण्ड बमोजिम गीत संगीतको सार्वजनिक प्रयोग वापत रोयल्टी बुझाएको निस्सा वा बुझाउन कबुलियत गरिएको सम्झौतापत्र अनिवार्य पेश गर्नुपर्ने।

(ख) संस्थाको लेखापरिक्षण प्रतिवेदनः

**नविकरणको विवरण**

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

कार्यालयको छाप

नविकरण गर्ने अधिकारीको :

सही :

नाम :

दर्जा :

कार्यालय :

## अनुसूची -५
## दफा ७ (४) सँग सम्वन्धित
## स्याटेलाइट रिसिभि सिष्टम/स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्त :

श्री .............................

स्याटेलाइट रिसिभि सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभि सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरण :
   (क) निर्माताको नाम :
   (ख) मोडेल नं.:
   (ग) सिरियल नं.:
   (घ) साइज र अन्य विवरण :
   (ङ) एण्टेना सम्बन्धी विवरण :

३. प्रयोग गरिने ठाउः

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज, प्रयोग गर्ने फ्रिक्वेन्सी :

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको हो :

७. प्रयोग :
   (क) व्यक्तिगत : (ख) सामुहिक :

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण,

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति,

दरखास्तवालाको सही :
नाम :
ठेगाना :
मिति :

## अनुसूची–६
## दफा ७ (४) सँग सम्बन्धित
## एफ. एम. ट्रान्समिटर/एस.टी.एल.लिंक/बि.बि.सि.रिसिभर को लाईसेन्सको लागि दरखास्त

श्री.........................ले, एफ. एम. ट्रान्समिटर एस.टी.एल.लिंक र बि.बि.सि. रिसिभर रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवम् कारणः

२. प्रयोग गर्ने स्थान :

३. प्रयोग गरिने फ्रिक्वेन्सीः

४. प्रयोग गर्ने अनुमानित मिति :

५. रेडियो यन्त्रको विवरण :

(क) निर्माताः

(ख) मोडेल नं.:

(ग) सिरियल नं.:

६. प्रयोग गरिने समय :

दरखास्तवालाको
सहि :
नाम :
ठेगाना :
मिति :

## अनुसूची–७
## दफा ७ (४) सँग सम्वन्धित
## स्याटेलाइट रिसिभि सिष्टमको लाइसेन्सको नमूना

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :

२. ठेगाना :

३. लाइसेन्स नं. :

४. जडान हुने स्थान :

५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरण :
   (क) निर्माताको नाम :
   (ख) मोडेल नं. :
   (ग) साइज र अन्य विवरण :
   (घ) एण्टेनाको विवरण :

६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने फ्रिक्वेन्सीः

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान–प्रदान गर्ने :

८. प्रयोग :
   (क) व्यक्तिगत :
   (ख) सामूहिक :

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू :
   (क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ ।
   (ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

**नविकरणको विवरण**

| आर्थिक वर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको सही :

नाम :

दर्जा :

मिति :

## अनुसूची–८
## दफा ७ (४) सँग सम्वन्धित
## एफ.एम. ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि दिइएको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको  रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :

२. ठेगाना :

३. लाइसेन्स नं. :  ४. प्रयोग गरिने स्थान :

५. प्रयोगको उद्देश्य :  ७. प्रयोग गरिने फ्रिक्वेन्सी :

८. प्रयोग गर्ने मिति :  ९. प्रयोग गरिने समय :

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:

(क)  (ख)  (ग)

नवीकरणको विवरण

| **आर्थिक वर्ष** | **नविकरण दस्तुर तथा अन्य विवरण** | **नविकरण मिति** | **नविकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|
| | | | |

कार्यालयको छाप :

लाइसेन्स दिने अधिकारीको

सहिः

नामः

दर्जाः

मितिः

**आज्ञाले**

जसी प्रसाद चौलागाई

नि. प्रमुख प्रशासकीय अधिकृत